# मलंगवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :९) मलंगवा श्रावण, ०१ गते २०८२ साल (संख्या :३

## भाग–२

## मलंगवा नगरपालिका

नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरु मध्ये दक्ष, कुशल, सक्षम र व्यबस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गरी शिक्षण सिकाई क्रियाकलाप, सिकाई उपलब्धी र विद्यालयको समग्र व्यवस्थापनमा सुधार ल्याई सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ज मा सूचीकृत भएका स्थानीय सरकारका शिक्षा सम्बन्धी २३ ओटा अधिकारहरुको कार्यान्वयन तथा नियमन गर्न अत्यावश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट कार्यविधि, २०८१ को (संशोधन, २०८२ समेत) मलंगवा नगर कार्यपालिकाबाट स्वीकृत गरि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत २०८२ साल**

(५) उपदफा (४)को अलावा यस प्रयोजनको लागि योग्य, अनुभवी, सक्षम एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परिचित व्यक्तित्वहरुसँग नगरपालिकाले ट्यालेन्ट हन्ट मार्फत सोझै विवरण तथा आवश्यक कागजात लिई ति व्यक्तिहरुको नाम विज्ञ व्यक्तिहरुको रोष्टर सूचीमा समावेश गर्न सक्नेछ ।

(६) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिलाई देहाय बमोजिमको कार्य जिम्मेवारी हुनेछ।

(क) उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गरी अङ्क प्रदान गर्ने ।

(ख) कौशल तथा दक्षता परीक्षणको लागि प्रधानाध्यापक छनौट सहजीकरण समितिबाट प्रकाशित सूचना बमोजिम तोकिएको मिति, स्थान र समय तालिकामा उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव र समग्र विद्यालय सुधारको सम्बन्धमा सम्बन्धित उम्मेदवारको प्रस्तुतीकरण लिई सो सँग सम्बन्धित विषयमा प्रश्नोत्तर एवं छलफल गरी सोको मूल्याङ्कन गर्ने ।

(ग) बुँदा नं (क) र (ख)बमोजिमको मूल्याङ्कनको कार्य सम्पन्न गरी सो सम्वद्ध सिलबन्दी कागजात प्रधानाध्यापक छनौट सहजीकरण समितिमा पेश गर्ने ।

(५) उपदफा (४) बमोजिमको कार्य विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिले बढीमा १५ दिनभित्र पूरा गरी सो सम्वद्ध सम्पूर्ण कागजात प्रधानाध्यापक छनौट सहजीकरण समितिमा पठाउनु पर्नेछ ।

(६) मूल्याङ्कनलाई थप वस्तुनिष्ठ बनाउन र आफ्नो कार्य जिम्मेवारीलाई वैज्ञानिक ढङ्गले सम्पादन गर्न यस कार्यविधिमा उल्लेख गरिएको अलावा मूल्याङ्कनका थप आधार र मापदण्ड समिति आफैले तय गर्न सक्नेछ ।

(७) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठकको अध्यक्षता समितिको संयोजक वा वरिष्ठतम सदस्यले गर्नेछ । समितिले आवश्यकता अनुसार आफ्नो कार्य जिम्मेवारीसँग सम्बन्धित विषयमा छलफल एवं जानकारीको लागि कुनै व्यक्ति तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिका पदाधिकारीहरुको सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(९) प्रधानाध्यापक छनौट तथा सिफारिसको कामलाई सहजीकरण गर्न देहाय बमोजिमको प्रधानाध्यापक छनौट सहजीकरण समिति रहनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक
२. सामाजिक विकास शाखा प्रमुख- सदस्य
३. नगर प्रमुखले तोकेको वडाध्यक्ष मध्ये १ जना- सदस्य
४. प्रशासन शाखा प्रमुख - सदस्य
५. शिक्षा शाखा प्रमुख, शिक्षा, युवा तथा खेलकूद शाखा - सदस्य सचिव





# मलंगवा नगरपालिकाको सामुदायिक विद्यालयमा

## प्रधानाध्यापक छनौट कार्यविधि, २०८१

## प्रथम संशोधन-२०८२

प्रस्तावना : नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरु मध्ये दक्ष, कुशल, सक्षम र व्यबस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गरी शिक्षण सिकाई क्रियाकलाप, सिकाई उपलब्धी र विद्यालयको समग्र व्यवस्थापनमा सुधार ल्याई सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र अनुसूची ८ अनुसार आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार अन्तर्गत रहेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) ज मा सूचीकृत भएका स्थानीय सरकारका शिक्षा सम्बन्धी २३ ओटा अधिकारहरुको कार्यान्वयन तथा नियमन गर्न अत्यावश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट कार्यविधि, २०८१ मलंगवा नगर कार्यपालिकाबाट स्वीकृत गरि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### परिच्छेद - १

### संक्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः( (१) यस कार्यविधिको नाम “मलंगवा नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट कार्यविधि, २०८१”रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

(३) यो कार्यविधि मलंगवा नगरपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ ।

२. परिभाषाः-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

क. “ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

ख. “कार्यविधि” भन्नाले मलंगवा नगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि,२०७९ लाई सम्झनु पर्दछ ।

ग. “नगरपालिका” भन्नाले मलंगवा नगरपालिकालाई सम्झनु पर्छ ।

घ. “कार्यपालिका” भन्नाले मलंगवा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ङ. “प्रमुख” भन्नाले मलंगवा नगरपालिकाको प्रमुखलाई सम्झनु पर्दछ ।

च. “उपप्रमुख” भन्नाले मलंगवा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ ।

छ. “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले मलंगवा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

ज. “सामाजिक विकास समिति संयोजक” भन्नाले कार्यपालिका अन्तर्गतको सामाजिक विकास सम्बन्धी विषयक्षेत्र हेर्ने समितिको संयोजक सम्झनु पर्दछ ।

झ. "निर्देशक"भन्नाले आर्थिक तथा सामाजिक विकास शाखाको प्रमुख सम्झनु पर्दछ ।

ञ. "प्रधानाध्यापक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापक सम्झनु पर्दछ ।

ट. "विद्यालय निरीक्षक" भन्नाले यसै नगरपालिकाको शिक्षा शाखामा कार्यरत अधिकृत/शाखा प्रमुख कर्मचारी सम्झनु पर्दछ ।

ठ. "शिक्षा शाखा" भन्नाले मलंगवा नगर कार्यपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा सम्झनु पर्छ ।

## परिच्छेद -२
## प्रधानाध्यापकको नियुक्ति

३. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:- विद्यालयको शैक्षिक क्रियाकलाप संचालन तथा विद्यालयको प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी वहन गर्न शैक्षिक तथा प्रशासनिक प्रमुखको रुपमा प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था हुनेछ ।

४. सूचना प्रकाशन गर्ने:-

(१)प्रधानाध्यापक नियुक्तिको लागि नगरपालिकाले १५ पन्) दिनको समयसीमा दिई दफा ६ बमोजिमको योग्यता पुगेका व्यक्तिलाई दरखास्त दिनको लागि सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्तिको लागि नगरपालिकाले नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा एकैपटक वा चरणवद्ध रुपमा गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ ।

५. दरखास्त दिने:-

(१)दफा ४ बमोजिम सूचना प्रकाशन भए पश्चात प्रधानाध्यापक पदमा उम्मेदवार हुन इच्छुक व्यक्तिले तोकिएको समयसीमाभित्र विद्यालय विकास प्रस्ताव तथा आवश्यक कागजातको प्रमाणित प्रति संलग्न राखी तोकिए बमोजिमको फाराम भरी प्रमुख प्रशासकीय अधिकृत मार्फत शिक्षा शाखामा दरखास्त दिन सक्नेछ । शिक्षा शाखाले पेश हुन आएका दरखास्त सङ्कलन र तिनको सूची तयार पारी प्रधानाध्यापक छनौट सहजीकरण समिति समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त साथ पेश गर्ने विद्यालय विकास प्रस्ताव उम्मेदवार हाल आफै कार्यरत विद्यालय वा अन्य सोही स्तर (आ.वि.१- ५ वा आ.वि. १-८ वा मा.वि. १-१०/१२) का विद्यालयसँग सम्बन्धित हुनु पर्नेछ ।

६. प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यता:- देहायको योग्यता पुगेका ब्यक्तिले प्रधानाध्यापक पदमा दरखास्त पेश गर्न सक्नेछन् ।

क. आधारभूत तह कक्षा १-३ वा १-५

१) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको।

२) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

३) उच्च नैतिक चरित्र भएको ।





४) सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा तीन बर्ष स्थायीसेवा गरेको ।

ख. आधारभूत तह कक्षा १-८

१) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरह उतिर्ण गरेको ।

२) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

३) उच्च नैतिक चरित्र भएको ।

४) सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा तीन बर्ष स्थायीसेवा गरेको ।

ग. माध्यमिक तह कक्षा १-१० वा १-१२

१) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतिर्ण गरेको ।

२) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको ।

३) उच्च नैतिक चरित्र भएको ।

४) सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा तीन बर्ष स्थार्यीसेवा गरेको ।

७. दरखास्त फाराम समितिलाई बुझाउने:- (१) दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र शिक्षा शाखाले आफूले तयार पारेको दरखास्त दिने सबै उम्मेदवारहरुको नामनामेसी सहितको सूची र सम्वद्ध कागजात प्रधानाध्यापक छनौट सहजीकरण समितिलाई उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कागजात प्राप्त भएपछि प्रधानाध्यापक छनौट सहजीकरण समितिले सात दिनभित्र सूचनाको अवधिमा परेका निवेदन साथ प्राप्त कागजात रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग-अलग सूची तयार गरी प्रकाशन गर्नुपर्नेछ।

(३) प्रधानाध्यापक छनौट सहजीकरण समितिले स्वीकृत उम्मेदवारहरुको नामनामेसी विवरण र तिनले नगरपालिकामा पेश गरेको विद्यालय विकास प्रस्ताव तथा प्रस्तुतीकरण मूल्याङ्कनको लागि विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिमा पठाउनु पर्नेछ ।

८. प्रधानाध्यापक छनौटको लागि संस्थागत व्यवस्था:-(१) सामुदायिक विद्यालयमा प्रधानाध्यपक छनौटयस कार्यविधिको दफा ९ बमोजिमको आधार र मापदण्ड बमोजिम मूल्याङ्कन गरी योग्यताक्रमको आधारमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिम छनौट गर्ने सिलसिलामा उम्मेदवारहरुको विद्यालय विकास प्रस्तावको मूल्याङ्कन,सो प्रस्ताव उपरका प्रस्तुतिकरण,प्रश्नोत्तर तथा छलफलको मूल्याङ्कन कार्य सम्पन्न गरी सोको सक्कल प्रति प्रधानाध्यापक छनौट सहजीकरण समितिमा पेश गर्न कार्यपालिकाले शिक्षा तथा व्यवस्थापनको क्षेत्रमा अनुभवी व्यक्तिहरु रहेको तीन सदस्यीय विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समिति रहनेछ ।

(३) उपदफा (२) बमोजिमको प्रयोजनको लागि नगरपालिकाले शिक्षा तथा व्यवस्थापनको क्षेत्रमा अनुभवी व्यक्तिहरुको रोष्टर तयार गरी सोही रोष्टरको आधारमा कार्यपालिका बैठकबाट व्यक्तिहरुको छनौट गरिनेछ ।

(४) उपदफा (३) बमोजिम रोष्टर तयार पार्ने प्रयोजनको लागि नगरपालिकाले कम्तिमा १५ (पन्ध्र) दिनको समयसीमा दिई तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई विवरण पेश गर्न सार्वजनिक सूचना आव्हान गर्नेछ ।

**खण्ड-ख**

घ) **विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन कूल अङ्क १०**

विद्यालय विकास प्रस्ताव वापत देहाय बमोजिम १० अङ्क हुनेछ।

१. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीयलगायत समग्र वस्तु स्थितिको विश्लेषण वापत २ अङ्क

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी वापत २ अङ्क

३. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय स्थिति र अपेक्षित उपलब्धीबीचको सूचक गत अन्तर विश्लेषण वापत २ अङ्क

४. अपेक्षित उपलब्धी हासिल गर्नको लागि शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने सुधार योजना (रणनीति तथा कार्यनीतिर कार्यक्रम सहित) वापत २ अङ्क

५. प्रस्तावको भाषा, भाषिक शुद्धता, लेखाइको स्तर वापत २ अङ्क

**खण्ड-ग**

प्रस्ताव प्रस्तुतिकरण र छलफल कूल अङ्क ५

प्रस्ताव प्रस्तुतिकरण र छलफल वापत देहाय बमोजिम ५ अङ्क हुनेछ।

१. प्रस्ताव प्रस्तुतिकरण वापत २ अङ्क

२. प्रश्नोत्तर र छलफल वापत ३ अङ्क

**खण्ड-घ**

ङ) अध्यापन गरेको विषयमा प्राप्त नतीजार अन्तर्वार्ता मूल्याङ्कन वापत **कूल अङ्क १५**

अ) अध्यापन गरेको विषयमा प्राप्त नतीजा वापत अंक १० (**परिच्छेद-३ (खण्ड–घ) को**
**(बुदा "अ" संशोधन गरि थप गरिएको** )

क) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत पछिल्लो दुई शैक्षिक सत्रको बढीमा पाँच अंक दरले अधिकतम १० अंक दिईनेछ।

अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अंक दिंदा प्रतिवर्ष देहायका आधारमा दिइनेछ :- अध्यापन गरेको विषयको कक्षागत औषत उतीर्ण प्रतिशत X ४

सम्बन्धित विषयको भौगोलिक इकाईको औसत उतीर्ण प्रतिशत

- भौगोलिक इकाई भन्नाले नगरपालिका क्षेत्रलाई जनाउँछ।
- सम्बन्धित विद्यालय बाहेक अन्यविद्यालयका शिक्षक प्रधानाध्यापक उम्मेदवार भएको अवस्थामा निजले पढाएको विद्यार्थीको उपलब्धीको आधारमा यस खण्ड बमोजिम अनुसारको मूल्यांकन गर्नु पर्नेछ।

आ) अन्तर्वार्ता वापत देहाय बमोजिम ५ अङ्क हुनेछ। (**परिच्छेद-३ (खण्ड–घ) को**
**(बुदा "आ" संशोधन गरि घटाइएको** )

१. व्यक्तित्व वापत १ अङ्क

२. भाषिक शुद्धता र स्पष्टता वापत २ अङ्क

३. शैक्षिक प्रशासन सम्बन्धी ज्ञान वापत २ अङ्क

**च**) शैक्षिक अनुसन्धान वा प्रकाशित कृति वापत ५ अङ्क

१.राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको लेख,खोज अनुसन्धान भए ३ अङ्क

२.जिल्ला तथा स्थानीय स्तरको कृति, लेख,खोज अनुसन्धान भए २ अङ्क

(२) उपदफा (१) को खण्ड घ बमोजिमको अन्तर्वार्ता प्रयोजनको लागि नगर शिक्षा समितले रोष्टर सूचीमा रहेका व्यक्तिहरुमध्येबाट विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिमा नरहेका व्यक्तिहरु सम्मिलित तीन सदस्यीय अन्तर्वार्ता समिति गठन गर्नेछ।



खण्ड ९) संख्या ३ स्थानिय राजपत्र भाग २ मिति २०८२/०४/०१

(१०) प्रधानाध्यापक छनौट सहजीकरण समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ ।

(क) प्रधानाध्यापक छनौट मूल्याङ्कन समिति गठनको लागि विज्ञको रोष्टर तयार पारी निर्णयको लागि नगर शिक्षा समितिमा पेश गर्ने ।

(ख) सूचनाको अवधिमा परेका निवेदन साथ प्राप्त कागजात रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग-अलग सूची तयार गरी प्रकाशन गर्ने ।

(ग) स्वीकृत उम्मेदवारहरुको शैक्षिक योग्यता, अनुभव, ज्येष्ठता, तालिम र शिक्षण नतिजा वापतको अंकनको लागि उम्मेदवारले पेश गरेको सो सम्वद्ध कागजात अध्ययन गरी प्राप्ताङ्क कम्प्युटर प्रविष्टि र तालिकीकरण गर्ने ।

(घ) स्वीकृत उम्मेदवारहरुले पेश गरेको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गरी अङ्क प्रदान गर्न ती प्राप्त हुन आएका प्रस्तावहरु विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिलाई उपलब्ध गराउने ।

(ङ) कौशल तथा दक्षता परीक्षणको लागि मिति, स्थान र समय तालिका सहित सूचना प्रकाशन गर्ने ।

(च) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन र प्रस्तुतिकरण एवं प्रश्नोत्तर र छलफल वापत उम्मेदवारहरुले प्राप्त गरेको अङ्क विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिबाट प्राप्त गरी कम्प्युटर प्रविष्टि गर्ने ।

(छ) अन्तर्वार्ता सञ्चालनको लागि अन्तर्वार्ता समिति गठन गर्नको लागि विज्ञ रोष्टरको सूची नगर शिक्षा समितिलाई उपलब्ध गराउने ।

(ज) नगर शिक्षा समितिबाट अन्तवार्ता समिति गठन भएपछि अन्तवार्ता सञ्चालनको लागि सूचना प्रकाशन गरी तोकिएको मिति र समय तालिकामा अन्तर्वार्ता सञ्चालन गर्न अन्तर्वार्ता समितिलाई सहजीकरण गर्ने ।

(झ) अन्तवार्ता वापत उम्मेदवारहरुले प्राप्त गरेको अङ्क अन्तर्वार्ता समितिबाट प्राप्त गरी कम्प्युटर प्रविष्टि गर्ने ।

(ञ) सबै चरणमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको अङ्क रुजु गरी कूल प्राप्ताङ्कको आधारमा एकमुष्ट योग्यताक्रमको समष्टिगत सूची तयार गरी प्रकाशन गर्ने ।

(ट) प्रकाशित अन्तिम एकमुष्ट योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरुलाई प्रधानाध्यापकको रुपमा विभिन्न विद्यालयमा पदस्थापन गर्न सिफारिस साथ नगर शिक्षा समितिमापेश गर्ने ।

(ठ) प्रधानाध्यापक छनौट तथा सिफारिससँग सम्बन्धित अन्य आवश्यक काम गर्ने ।

(११) प्रधानाध्यापक छनौट सहजीकरण समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(१२)कार्य सम्पादनको सिलसिलामा समितिको बैठकमा आवश्यकतानुसार विषय क्षेत्रसँग सम्बन्धित विज्ञ, पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(१३) समितिको बैठकमा उपस्थित समितिका संयोजक एवं सदस्य र आमन्त्रित तथा प्रधानाध्यापक छनौट सम्बन्धी काममा खटिने कर्मचारीहरुलाई मलंगवा नगरपालिकाको कार्यसंचालन निर्देशिका बमोजिम भत्ता तथा सुबिधा उपलब्ध हुनेछ ।

## परिच्छेद - ३

## प्रधानाध्यापक छनौटका आधार तथा मापदण्ड

९. प्रधानाध्यापक छनौटकाआधारतथा मापदण्डः- (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनौटको लागि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ। मूल्याङ्कनको आधार तथा मापदण्ड देहायबमोजिमहुनेछ।

| *क.सं.* | *आधार* | *अंक* | *विवरण* |
|---|---|---|---|
| (क) | शैक्षिक योग्यता | २५ | तोकिएको न्यूनतम शैक्षिक योग्यताकालागि १५ र माथिल्ले योग्यताकालागि१०अंक |
| (ख) | **( बुदा "ख" संशोधन गरि) शिक्षण अनुभव र कम्प्युटर सम्बन्धिसिप बनाइएको।** | ३० | यस कार्यविधिले तोके अनुसारको विषयबस्तुमा (**शिक्षण अनुभववापत १५ अंक र कम्प्युटर सम्बन्धिसिपवापत १५ अंक ) भन्ने वाक्यांश थप गरिएको।** |
| (ग) | तालिम | १० | शैक्षिकतालिमबापत ६, विद्यालयव्यवस्थापनतालिमबापत ४ अंकहुनेछ। |
| (घ) | विद्यालयविकास प्रस्तावना | १५ | प्रधानाध्यापक छनौट समितिले विद्यालयविकार प्रस्तावनातयार बापत १० र प्रस्तुतीबापत ५ अव प्रदानगर्ने ।(**कम्प्युटराईज्ड**) |
| (ङ) | अध्यापन गरेको विषयमा प्राप्त नतीजा र अन्तर्वार्ता मूल्याङ्कन वापत (**भन्ने वाक्यांश थप गरिएको** ) | १५ | अध्यापन गरेको विषयमा प्राप्त नतीजा वापत १० अंक र अन्तर्वार्ता मूल्याङ्कन वापत ५ अंक (**संशोधन गरिएको**) |
| (च) | शैक्षिक अनुसन्धान वाप्रकाशित कृति | ५ | शैक्षिक क्षेत्रसँग सम्बन्धितखोज, अनुसन्धान र प्रकाशित कृतिहरुको प्रधानाध्यापक छनौट समितिको मूल्याङ्कनबाट ५ अंकहुनेछ। |
| | | १०० | |





**खण्ड-क**

(क) शैक्षिक योग्यतावापत - २५ अङ्क

(अ) न्यूनतम शैक्षिक योग्यता वापत- १५अङ्क
- क. विशिष्ट श्रेणीभए - १५अङ्क
- ख. प्रथमश्रेणीभए - १३अङ्क
- ग. द्वितीय श्रेणी भए - ११अङ्क
- घ. तृतीय वा पास श्रेणी भए - ९अङ्क
- ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने

(आ) माथिल्लो शैक्षिक योग्यता वापत - १०अङ्क
- क. विशिष्ट श्रेणी भए- १०अङ्क
- ख. प्रथम श्रेणी भए - ८अङ्क
- ग. द्वितीय श्रेणीभए - ६अङ्क
- घ. तृतीय वा पास श्रेणी भए - ४अङ्क
- ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने

**स्पष्टिकरणः**माथिल्लो शैक्षिक योग्यता भन्नाले माध्यमिक तहको हकमा एमफिल डिग्री, आधारभूत तह कक्षा १-८ को हकमा स्नातकोत्तर डिग्री र आधारभूत तह कक्षा १-५ को हकमा स्नातक डिग्रीलाई माथिल्लो योग्यता मानिने छ।

(ख) शिक्षण अनुभव र कम्प्युटर सम्बन्धि सिप (वाक्यांश थप तथा **संशोधन** गरिएको )- ३० अङ्क

अ) शिक्षण अनुभव वापत अंक प्रदान गर्दा सम्बन्धित तह -विधालय) मा स्थायी नियुक्तिपाई शिक्षण गरेको भए प्रति वर्षको जुनतहको शिक्षकहो सो तहको प्रथम श्रेणीको भएक २.५ अंकका दरले, द्वितीय श्रेणीको भए २ अंकको दरले र तृतीय श्रेणीको भए १.५ का दरले बढीमा १५ अंक दिईनेछ। (वाक्यांश थप तथा **संशोधन** गरिएको )

आ) विद्यालयसँग सम्बन्धित विभिन्न तथ्यांक व्यवस्थापन, माइक्रोसफ्ट अफिस, एक्सेल, पावरप्वाइन्ट, विभिन्न सामाजिक संजाल संचालन र अन्य आवश्यक कार्यहरु सम्पादन वावत।

क. वर्ड संचालन वापत (नेपाली र अंग्रेजीमा टाईपिङ्ग) - ५ अङ्क (**संशोधन** गरिएको )

ख. एक्सेल संचालन वापत (तलब,भत्ता,माग फारम आदि) - ५ अङ्क (**संशोधन** गरिएको )

ग. इन्टरनेट, स्कानिङ्ग,फोल्डर बनाई सेभ गर्ने, मेलगर्ने,गुगल ड्राईभमा अपलोड,
विभिन्न सामाजिक संजाल संचालन वापत **- ५अङ्क**

**(ग) तालिम वापत - १० अङ्क**

(अ) शैक्षिक तालिम/सेवाकालिन तालिम वापत - ६ अङ्क

न्यूनतम १०महिनाको प्रमाण पत्रसहितको सेवाकालिन तालिमका लागि।

- क. विशिष्ट श्रेणीभए - ६ अङ्क
- ख. प्रथमश्रेणीभए - ४.५ अङ्क
- ग. द्वितीय श्रेणी भए - ३ अङ्क
- घ. तृतीय वा पास श्रेणी भए - १.५ अङ्क
- ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अङ्क प्रदान गर्ने

**(आ)** विद्यालय व्यवस्थापन/नेतृत्वविकास सम्बन्धी तालिम वापत ४ अङ्क. शैक्षिक जनशक्ति विकास केन्द्र वा नेपाल सरकारबाट मान्यता प्राप्त सो सरहका तालिम केन्द्रले सञ्चालन गरेको नेतृ त्वविकास सम्बन्धी कम्तिमा एक महिनाको तालिम लिएको भए ४ अङ्क।

## अनुसूची २
## कार्यसम्पादन करार सम्झौताको ढाँचा

मलंगवा नगर कार्यपालिकाको कार्यालय, सर्लाही (जसलाई यसपछि प्रथम पक्ष भनिनें) र ..........................विद्यालय,मलंगवा,सर्लाहीको प्रधानाध्यापक श्री........... (जसलाई यसपछि दोस्रो पक्ष भनिने) विच विद्यालयको समग्र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि देहायका शर्तहरुको अधिनमा रहि कार्य गर्न गराउन सहमत भई यो कार्य सम्पादन करार सम्झौता गरिदियौं, लियौ । ईति सम्वत २०८१.......महिना.... गते रोज..........शुभम् । यो सम्झौता मिति.........देखि......... सम्म लागु हुनेछ । यसको कार्यान्वयन गराउने दायित्व प्रमुख प्रशासकीय अधिकृतसँगको परामर्शमा नगर शिक्षा शाखा प्रमुख हुनेछ ।सम्झौतामा उल्लेखित शर्तहरुको पालना गर्नु दुवै पक्षको कर्तव्य हुनेछ ।

**दोस्रो पक्षले तपशील बमोजिमका कार्यहरु गर्नुपर्नेछ ।**

१. चार वर्षीय विद्यालय विकास योजना निर्माण गरी लागु गर्ने । विद्यालय विकासयोजना बनेको भए सोही अनुसार गर्ने, परिमार्जन गर्नुपर्ने भए परिमार्जन गरीविद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गर्ने, जसको एक प्रति शिक्षा,युवा तथाखेलकुद शाखामा बुझाउने ।

२. प्रत्येक शैक्षिकसत्रको लागि अघिल्लो शैक्षिकसत्रको चैत्र मसान्तसम्ममा विद्यालयमा लागु हुने वार्षिक योजना निर्माण गरी विद्यालय सञ्चालन गर्ने ।

३. आफू मातहतका शिक्षकहरुलाई दैनिक पाठयोजना निर्माण गरी अध्यापन गराउन लगाउने ।

४. शिक्षकहरुसँग प्रत्येक शैक्षिकसत्रको वैशाख सात गतेसम्ममा वार्षिक योजना बनाइ करार सम्झौता गर्ने ।

५. प्रत्येक महिनाको पहिलो शुक्रवार एक बजेपछि शिक्षक तथा कर्मचारीको वैठक बसी गत महिनाको समीक्षा र चालु महिनाको योजना लगायत अन्य विषयमा छलफल गर्ने ।

६. विद्यालय हाताभित्र कुनै किसिमको अभद्र व्यवहार नहुने व्यवस्था मिलाउने ।

७. विद्यालयमा सुमधुर शैक्षिक वातावरण अनुशासन कायमगरी गुणस्तर वृद्धि गर्ने ।

८. शिक्षक तथा कर्मचारीको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन नगर शिक्षा युवा तथा खेलकुद शाखामा बुझाउने ।

९. विद्यालय संचालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट संचालन गर्ने गराउने ।

१०. विद्यालय व्यवस्थापन समिति, वडा शिक्षा समिति र नगर कार्यपालिकाको कार्यालय ( शिक्षा, युवा तथा खेलकुद शाखा ) ले दिएको निर्देशन पालना गरी कार्य गर्ने गराउने

११. व्यवस्थापन समितिको निर्णय गरी खरिद योजना अनुसार खरिद प्रक्रिया पुरा गरी मालसामान खरिद गर्ने र सो को अनिवार्य अभिलेख राख्ने ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |
| कार्यालयको छाप | विद्यालयको छाप |

**रोहवर**

हस्ताक्षर :
नाम :
पद :
ठेगाना :
मिति :

(आवश्यकता अनुसार नगर शिक्षा समितिले केही बुँदा थपघटगर्न सक्छ )



खण्ड ९) संख्या ३ स्थानिय राजपत्र भाग २ मिति २०८२/०४/०१

१०. प्रधानाध्यापक नियुक्तिः- (१) प्रधानाध्यापक छनौट मूल्याङ्कन समितिले यस कार्यविधिको दफा ९ को खण्ड-ख, ग र घ तथा प्रधानाध्यापक छनौट सहजीकरण समितिले ऐ. दफाको खण्ड-कबमोजिम मूल्याङ्कन तथा अङ्कन गरीसो बमोजिम तयार भएको अन्तिम एकमुष्ट योग्यताक्रम सहितको सिफारिस नगर शिक्षा समितिले स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतले ती उम्मेदवारहरुलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा एउटै विद्यालयबाट एक भन्दा बढीको नाम प्रधानाध्यापक नियुक्तिको लागि सिफारिस भएको अवस्थामा योग्यताक्रममा पहिलो नम्बरमा हुनेलाई निज कार्यरत विद्यालयमा र अर्को व्यक्तिलाई संभव भएसम्म निजलाई पायक पर्ने नजिकैको अर्को विद्यालयमा प्रधानाध्यापक नियुक्त गरिनेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्तिसँगै नवनियुक्त प्रधानाध्यापकले आफूले विद्यालय विकास प्रस्तावमा उल्लेख भएका कुराहरुलाई समयवद्ध ढङ्गले पूरा गर्ने गरी नगर प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतसँग कार्य सम्पादन करार गर्नुपर्नेछ । र प्रधानाध्यापकले आफूले काम गर्ने विद्यालयका शिक्षकहरुसँग सो विद्यालयको विद्यालय व्यवस्थापन समितिको रोहवरमा छुट्टाछुट्टै कार्य सम्पादन करार गर्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्तहुँदा एउटै विद्यालयबाट एक भन्दा बढी उम्मेदवार प्रधानाध्यापक नियुक्त भएको वा एउटै विद्यालयमा पनि हिजो प्रधानाध्यापक पदमा कार्यरत व्यक्ति भन्दा फरक व्यक्ति प्रधानाध्यापक नियुक्त भएको अवस्थामा आभारभूत विद्यालय १-८ र माध्यमिक विद्यालय १-१०/१२ मा विषय शिक्षकको अनुपात मिल्ने गरी शिक्षकहरुको आन्तरिक सरुवा गरी मिलान गरिनेछ ।

११. प्रधानाध्यापकको पदावधिः- (१)प्रधानाध्यापकको पदावधि सामान्यतः नियुक्त भएको मितिले चार वर्षको हुनेछ ।पहिलो पटक प्रधानाध्यापक पदमा करार सम्झौता गरेको मितिले एक वर्षसम्म निजको परीक्षणकाल रहनेछ । निजको कार्यसम्पादन करारको आधारमा पहिलो वर्ष परीक्षणकालको मूल्याङ्कन, दोस्रो वर्ष मध्यावधि मूल्याङ्कन र चौथो वर्षको अन्त्यमा अन्तिम मूल्याङ्कन गरिनेछ । यसरी मूल्याङ्कन गर्दा निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा पुनः सो पदमा चार वर्षको लागि एक पटक करार अवधि थप गर्न सकिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा प्रधानाध्यापकको पद रिक्त हुनेछ ।

क. निजले विद्यालय व्यवस्थापन समिति समक्ष लिखित राजीनामा दिएमा ।

ख. कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले पदमुक्त गरेमा ।

ग. पदीय र नैतिक आचरण विपरीतको काम गरेको प्रमाणित भएमा ।

घ. निजको उमेर साठी वर्ष पूरा भएमा ।

ङ. निजको मृत्यु भएमा ।

(३)यसदफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन । तर परीक्षणकालको अवधिमा निजले शैक्षिक तथा प्रशासकीय नेतृत्व दिन नसकेको भनी विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको र नगरपालिकाबाट अनुगमन हुँदा समेत सो कुरा स्पष्ट हुन आएमा प्रधानाध्यापकको पदबाट निजलाई हटाउन बाधा पर्ने छैन।

१२. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः- प्रधानाध्यापकको काम कर्तव्य र अधिकार मलंगवानगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि,२०७९ बमोजिम हुनेछ ।

१३. प्रधानाध्यापकको सुविधाः- (१) यस कार्यविधिबमोजिम नियुक्त प्रधानाध्यापकलाई नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने सेवा सुविधा उपलब्ध हुनेछ । साथै नगरपालिकाले नगरपालिकाको आन्तरिक स्रोतबाट प्रधानाध्यापकलाई (मा.वि.१-१० वा १-१२ भए तीन हाजर , अधारभूत १-८ भए दुई हजार पाँचसय र प्रा.वि.१-३ वा १-५ भए दुई हजार मासिक रुपमा) प्र.अ. भत्तामा थप गरी प्रोत्साहन भत्ता उपलब्ध हुनेछ ।

१४. निमित्त प्रधानाध्यापकः- विद्यालयमा कार्यरत प्रधानाध्यापक कुनै कारणले अनुपस्थित भएकोमानिज विद्यालयमा उपस्थित नभएसम्म वा जुनसुकै कारणले प्रधानाध्यापकको पद रिक्त भएकोमा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मको लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये माथिल्लो तह र श्रेणीको वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर वरिष्ठतम शिक्षकले लिखित रुपमा सो पद अस्वीकार गरेमा वरिष्ठताको पछिल्लो क्रममा रहेको शिक्षकलाई नगर शिक्षा समितिले निमित्त प्रधानाध्यापक तोक्नेछ ।





## परिच्छेद-४
## विविध

१५. बाधा अडकाउ फुकाउने अधिकारः- यो कार्यविधि कार्यन्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा र यसमा उल्लेख नभएका विषयहरुमा कुनै व्यवस्था गर्न आवश्यक भएमा नगर प्रमुखले निर्णय गर्न सक्नेछ र यसरी भएको निर्णय नगर **शिक्षा समितिबाट** अनुमोदन गराई बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. व्याख्या गर्ने अधिकारः- यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर**शिक्षा** समितिलाईहुनेछ ।

१७. बचाउः- यस कार्यविधिमा उल्लेख गरेदेखि बाहेकका विषयहरु संघीय तथा प्रदेश शिक्षा ऐन,नियमावली तथा मलंगवा नगरपालिकाको **विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि, २०७९** मा लेखिए बमोजिम हुनेछ ।

१८. यो कार्यविधि आवश्यकतानुसार संशोधन गर्न सकिनेछ ।

## अनुसूची १

## विद्यालय विकास प्रस्तावनाको ढाँचा

१. विद्यालयको संक्षिप्त परिचय

२. विद्यालयको वर्तमान शैक्षिक, भौतिक,आर्थिक र मानवीय स्रोत साधनको अवस्था

३. विगत ३ वर्षको कक्षा ३,५,८,१० र १२ को नतीजा विश्लेषण ( विकास प्रस्ताव पेश गरेको) विद्यालयमा संचालित कक्षा लाई आधार मानेर )

४. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धि

५. वर्तमान र अपेक्षित उपलब्धिका सूचकगत अन्तर

६. SWOT Analysis (Strength, Weekness, Opportunity and Threat )

७. अपेक्षित उपलब्धी हासिल गर्ने स्रोत पहिचान सहितको कार्ययोजना

८. कार्ययोजना मूल्याङ्कनका सूचकहरु ।

## अनुसूची ४

## शपथ ग्रहण

म .........ईश्वरलाई साक्षी मानी सत्य निष्ठासाथ शपथ लिन्छु कि विद्यालय शिक्षा सेवाको प्रधानाध्यापकको हैसियतले मलाई तोकिएको काम मेरो ज्ञान विवेकले जाने बुझेसम्म ईमान धर्म सम्झी राष्ट्र र शिक्षण पेशा प्रति वफादार रही भय, पक्षपात र द्वेष नराखी लोभ लालच र मोलाहिजा नगरी ईमान्दारी साथ ऐन, नियमावली, मलंगवा नगरपालिकाको विद्यालय शिक्षा व्यवस्थापन कार्यविधि,२०७९ तथा मलंगवा नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट कार्यविधि,२०८१ र प्रचलित कानुनको अधिनमा रही गर्नेछु र मलाई ज्ञात हुन आएको सेवा सँग सम्बन्धित कुनै गोप्य कुरा तोकिएको सम्बन्धित व्यक्तिलाई बाहेक अरु कसैलाई म नोकरीमा बहाल रहेको वा नरहेको जुन सुकै अवस्थामा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपले भन्ने वा संकेत गर्ने छैन ।

| **शपथ ग्रहण गर्ने प्रधानाध्यापकको** | **शपथ ग्रहण गराउने अधिकारीको** |
|---|---|
| सही : | सही : |
| नाम : | नाम : |
| पद : | पद : |
| विद्यालय : | कार्यालय : |
| मिति : | मिति : |

**प्रमाणिकरण मिति :-२०८२/०४/०१**

आज्ञाले
होमनाथ सुवेदी
प्रमुख प्रशासकिय अधिकृत
मलंगवा नगरपालिका



खण्ड ९) संख्या ३ स्थानिय राजपत्र भाग २ मिति २०८२/०४/०१

## अनुसूची ३

## प्राथमिकताको आधारमा विद्यालय छनौट फारम

म यस नगरपालिका अन्तर्गत श्री......... विद्यालय वडा नं. .... को विद्यालयमा मिति..........मा स्थायी नियुक्ति लिई........तह..... श्रेणीमा कार्यरत शिक्षक हुँ । म तपसिलका विद्यालयहरुमा प्राथमिकताका आधारमा प्रधानाध्यापक भई कामकाज गर्न इच्छुक छु ।

तपसिल

| क.सं. | विद्यालयको नाम | विद्यालयको ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |

नाम :

हस्ताक्षर:

तह र श्रेणी :

कार्यरत विद्यालय :